# मैवाखोला गाउँपालिका

## गाउँसभाको सचिवालय

साँघु, ताप्लेजुङ
प्रदेश नं १, नेपाल

**अध्यक्षको वाचनपत्र**

**गाउँसभाको १३ औँ अधिवेशनको चौथो बैठक**
**(मिति २०८० असार २२ गते)**
**बैठक संख्याः ०४ समयः १२:०० बजे**

सभाका सदस्यज्यूहरू, अब म मैवाखोला गाउँसभाको १३ औँ अधिवेशनको चौथो बैठक प्रारम्भ भएको जानकारी गराउदछु ।

सभाका सदस्यज्यूहरू, गाउँसभाको आजको बैठकको कार्यसूची अनुसार बैठक अगाडी बढ्नेछ । आजको बैठकको कार्यसूची देहाय अनुसार रहेका छन् ।

१. बैठक प्रारम्भ, कार्यसूची वाचन ।
२. विनियोजन विधेयक र आर्थिक विधेयक उपर उठेका प्रश्नहरूको कार्यपालिकाको तर्फबाट जवाफ ।
३. मैवाखोला गाउँपालिकाको आगामी आ.व. ०८०।८१ को विनियोजन विधेयक र आर्थिक विधेयक, २०८० सभा समक्ष स्वीकृतिका लागि पेश ।
४. विधायन समितिबाट प्राप्त मैवाखोला गाउँपालिकाको स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी बनेको विधेयक,२०८० को प्रतिवेदन सहितको विधेयक उपर छलफल र स्वीकृतिका लागि पेश ।
५. विधायन समितिबाट प्राप्त मैवाखोलागाउँपालिकाको विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि,२०८० को प्रतिवेदन सहितको कार्यविधि उपर छलफल र स्वीकृतिका लागि पेश ।
६. विधायन समितिबाट प्राप्त मैवाखोला गाउँपालिकाको अर्थ तथा सार्वजनिक लेखा समिति (गठन तथा सञ्चालन) कार्यविधि,२०८० को प्रतिवेदन सहितको कार्यविधि उपर छलफल र स्वीकृतिका लागि पेश ।

७. विधायन समितिबाट प्राप्त मैवाखोला गाउँपालिकाको सुशासन तथा स्थानीय सेवा समिति (गठन तथा सञ्चालन) कार्यविधि,२०८० को प्रतिवेदन सहितको कार्यविधि उपर छलफल र स्वीकृतिका लागि पेश।
८. मैवाखोला गाउँपालिकाको आवधिक विकास योजना, राजश्व सुधार योजना, मध्यमकालीन खर्च संरचना, सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण, खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना, स्थानीय विपद् तथा जलवायू उत्थानशिल योजना, स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र कार्य सञ्चालन विधि, गाउँपालिकाको लोगो सभा समक्ष अनुमोदनका लागि पेश।
९. कार्यपालिकाको बैठकमा भएका निर्णयहरु अनुमोदनका लागि पेश।
१०. अनुपस्थित सभाका सदस्यहरुको नामावली वाचन।
११. समापन मन्तव्य
१२. अधिवेशन अन्त्य।

सभाका सदस्यज्यूहरु, अब म कार्यसूचीको **दोस्रो** नम्बरमा रहेको विनियोजन विधेयक र आर्थिक विधेयक उपर उठेका प्रश्नहरूको कार्यपालिकाको तर्फबाट जवाफ दिन उपाध्यक्ष श्री कमल कुमारी लिम्बुलाई अनुमति दिन्छु।

सभाका सदस्यज्यूहरु, अब म कार्यसूचीको **तेस्रो** नम्बरमा रहेको "मैवाखोला गाउँपालिकाको आगामी आ.व. ०८०।८१ को विनियोजन विधेयक र आर्थिक विधेयक,२०८०" स्वीकृत गरियोस् भन्ने प्रस्ताव सभामा पेश गर्न उपाध्यक्ष श्री कमल कुमारी लिम्बुलाई अनुमति दिन्छु।

**(प्रस्ताव)**

सभाध्यक्ष महोदय,

अध्यक्ष ज्यूको अनुमतिले मैवाखोला गाउँपालिकाको आगामी आ.व. ०८०।८१ को वार्षिक विनियोजन विधेयक र आर्थिक विधेयक,२०८० यस सम्मानित सभाबाट स्वीकृत गरियोस् भन्ने प्रस्ताव पेश गर्दछु।

**धन्यवाद !**

**कमल कुमारी लिम्बु**
**उपाध्यक्ष**

सभाका सदस्यज्यूहरू, अब म उपाध्यक्ष श्री कमल कुमारी लिम्बुले पेश गर्नु भएको "मैवाखोला गाउँपालिकाको आगामी आ.व. ०८०।८१ को विनियोजन विधेयक र आर्थिक विधेयक,२०८०" स्वीकृत गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ पेश गर्दछु।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरूले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने सदस्यहरूले **"हुन्न"** भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरूले **"हुन्छ"** भन्नुहोस्।
यसको विपक्षमा हुने सदस्यहरुले **"हुन्न"** भन्नुहोस्।

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ उपाध्यक्ष श्री कमल कुमारी लिम्बुले पेश गर्नु भएको मैवाखोला गाउँपालिकाको आगामी आ.व. ०८०।८१ को विनियोजन विधेयक र आर्थिक विधेयक, २०८० स्वीकृत गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतले स्वीकृत भएको घोषणा गर्दछु।

सभाका सदस्यज्यूहरू, अब म  प्रदेश नं. १ को गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३३ बमोजिम प्रस्तुत भएको मैवाखोला गाउँपालिकाको आगामी आ.व. ०८०।८१ को विनियोजन विधेयक र आर्थिक विधेयक, २०८० सभामा निर्णयार्थ पेश गर्दछु।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरूले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने सदस्यहरूले **"हुन्न"** भन्नुहोला।
यो प्रस्तावको पक्षमा हुने सदस्यहरूले **"हुन्छ"** भन्नुहोस्।
यसको विपक्षमा हुने सदस्यहरुले **"हुन्न"** भन्नुहोस्।

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ प्रदेश नं. १ को गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३३ बमोजिम प्रस्तुत भएको मैवाखोला गाउँपालिकाको आगामी आ.व. ०८०।८१ को विनियोजन विधेयक र आर्थिक विधेयक, २०८० सर्वसम्मतले पारित भएको घोषणा गर्दछु।

सभाका सदस्यज्यूहरु, अब म कार्यसूचीको **चौथो** नम्बरमा रहेको विधायन समितिको प्रतिवेदन सहितको "मैवाखोला गाउँपालिकाको स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी बनेको विधेयक, २०८०" सभामा प्रस्तुत गर्न विधायन समितिका सभापति श्री राजुमान लिम्बुलाई अनुमति दिन्छु।

**(विधायन समितिको प्रतिवेदन वाचन)**

सभाका अध्यक्षज्यू,

सभा अध्यक्षज्युको अनुमतिले मैवाखोला गाउँपालिकाको स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धि बनेको विधेयक, २०८० माथि विधायन समितिमा सदस्य ज्यूहरुबाट प्राप्त भएका लिखित र मौखिक सुझावहरु सहित प्रत्येक दफाहरुमा पर्याप्त छलफल भएको छ । विधायन समितिले सरोकारवालाहरु (सामुदायिक वन उपभोक्ता समूह, वन तथा वातावरणको क्षेत्रमा कार्य गर्ने संघ संस्थाका प्रतिनिधिहरु, स्थानीय बुद्धिजिवी लगायत) सँग समेत बृहत छलफल गरी प्राप्त सुझावहरुलाई समावेश गरी विधेयकलाई अझै समृद्ध बनाउने प्रयत्न गरेका छौँ । प्रस्तुत विधयेकले गाउँपालिकाको समग्र वातावरणको व्यवस्थापन हुनुका साथै वातावरणमा हुने अनियमिततामा कमिहुन सहयोग पुग्नेछ भन्ने विश्वास लिएका छौँ।

अब म सभाअध्यक्ष ज्यूको अनुमतिले १ नं. प्रदेशको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन २०७५ को दफा २९ को उपदफा (२) बमोजिम कुनै पनि संशोधन प्रस्ताव विधायन समितिमा पेश नभएकाले मैवाखोला गाउँपालिकाको स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धि बनेको विधेयक २०८० को प्रततिवेदन सभामा पेश गर्दछु ।

धन्यवाद !

**राजुमान लिम्बु**
**विधायन समितिका सभापति**

सभाका सदस्यज्यूहरु, अब विधायन समितिको प्रतिवेदन सहित "मैवाखोला गाउँपालिकाको स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी बनेको विधेयक ,२०८०" माथिको छलफल प्रारम्भ हुन्छ । छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरु तथा आनुषाङ्गिक अन्य दफाहरुमा मात्र छलफल गर्न सकिने व्यहोरा पनि सदस्यहरुलाई जानकारी गराउछु ।

उक्त छलफलमा बोल्न चाहनुहुने सदस्यहरूले आफ्नो नाम दायाँ\वायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरुलाई टिपाउन सक्नुहुनेछ । छलफलमा भाग लिने प्रत्येक सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम श्री ............ लाई छलफलमा भाग लिन समय दिन्छु । समय ३ मिनेट

त्यसपछि अर्का सदस्य श्री......................(बोली सकेपछि)

सभाका सदस्यज्यूहरू, अब कार्यपालिका सदस्य तथा वन वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक श्री नरकुमारी लिम्बुलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिन्छु ।

**(जवाफ दिइ सकेपछि)**

सभाका सदस्यज्यूहरू, अब म “मैवाखोला गाउँपालिकाको स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी बनेको विधेयक, २०८०” का सम्बन्धमा विधायन समितिको प्रतिवेदन माथिको दफा १ देखि ५२ सम्म र उक्त विधेयकको प्रस्तावना, नाम सहित विधेयकको दफा १ देखि ५२ सम्म विधेयकको अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरूले **“हुन्छ”** भन्नुहोला र यसको विपक्षमा हुने सदस्यहरूले **“हुन्न”** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरूले **“हुन्छ”** भन्नुहोस् ।
यसको विपक्षमा हुने सदस्यहरुले **“हुन्न”** भन्नुहोस् ।

**“हुन्न”** भन्ने आवाज सुनिएन, तसर्थ विधायन समितिको प्रतिवेदन अनुसार “मैवाखोला गाउँपालिकाको स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी बनेको विधेयक, २०८०” को दफा १ देखि ५२ सम्म सर्वसम्मतिले यस विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

सभाका सदस्यज्यूहरू, अब म “मैवाखोला गाउँपालिकाको स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी बनेको विधेयक,२०८० को प्रस्तावना, संक्षिप्त नाम र प्रारम्भ पढेर सुनाउछु ।
**प्रस्तावाना**ः मैवाखोला गाँउपालिका क्षेत्र भित्र स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने संविधान प्रदत्त नागरिकको मौलिक हक तथा अधिकारको संरक्षण गर्न, विभिन्न किसिमका प्राकृतिक स्रोत साधनको समुचित उपयोग एव दिगो व्यवस्थापन गर्न, वातावरण र विकास बीच उपयुक्त सन्तुलन कायम गर्न र प्राकृतिक, धार्मिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गर्न, जैविक विविधता, जलाधार, जीवजन्तु, वनस्पति जस्ता प्राकृतिक श्रोत र साधन युक्त तथा मौलिक साँस्कृतिक मूल्य, मान्यताको धनी यस गाउँपालिका क्षेत्रको वातावरण र भू-स्थितिको संरक्षण एवं पर्यापर्यटन विकासको वृहत्तर सम्भावनालाई मुर्तरुप दिन, यस क्षेत्रको सामाजिक तथा साँस्कृतिक मूल्य र मान्यताको संरक्षण र प्रवर्द्दन गर्न तथा दिगो

विकासको अवधारणालाई केन्द्र विन्दुमा राखी यस क्षेत्रको पर्यावरण स्वच्छ, सफा र सुरक्षित राख्ने लक्ष्य पुरा गर्न, पूर्वाधार विकासमा अत्याधुनिक उपकरणहरुको प्रयोगलाई निरुत्साहित गर्दै गाउँपालिका क्षेत्रलाई न्यूनकार्वनमुखी, प्राङगारिक एवं वातावरण मैत्री पर्यापर्यटकीय महत्वको क्षेत्रको रुपमा विकास गरी यस क्षेत्रको समग्र आर्थिक स्तरोन्नतिमा सहयोग पुर्याउन,जैविक विविधता, जलाधार, जीवजन्तु, वनस्पति जस्ता प्राकृतिक श्रोत र साधनको संरक्षण गर्न, र परापूर्वकाल देखि बसोबास गर्ने समुदायको रितीस्थिति, रहनसहन, प्रथा, परम्परा तथा संस्कृतिको जगेर्ना गर्दै आएका अतिसिमान्तकृत स्थानीय आदिवासी जनजाति समुदाय तथा तिनका मौलिक साँस्कृतिक पद्दतीको प्रवर्द्दनका लागि समेत आवश्यक कार्य संचालन, व्यवस्थापन तथा नियमन गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा ५७ को उपधारा (४) तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी मैवाखोला गाँउपालिकाको १३ औं गाउँसभाले यो विधेयक बनाएको छ।

**संक्षिप्त नाम र प्रारम्भ**:यस विधेयकको नाम “मैवाखोला गाँउपालिकाको स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी विधेयक, २०८०" रहेको छ । यो विधेयक गाउँसभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात तत्काल लागु हुने छ।

सभाका सदस्यज्यूहरू, उक्त विधेयकको प्रस्तावना, संक्षिप्त नाम र प्रारम्भ मैवाखोला गाउँपालिकाको स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी विधेयक, २०८० विधेयकको अङ्ग बनोस् भनी निर्णयार्थ यस सभामा पेश गर्दछु।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरूले **“हुन्छ”** भन्नुहोला र यसको विपक्षमा हुने सदस्यहरूले **“हुन्न”** भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरूले **“हुन्छ”** भन्नुहोस्।

यसको विपक्षमा हुने सदस्यहरुले **“हुन्न”** भन्नुहोस्।

**“हुन्न”** भन्ने आवाज सुनिएन, तसर्थ उक्त प्रस्तावना, संक्षिप्त नाम र प्रारम्भ सर्वसम्मतिले मैवाखोला गाउँपालिकामा स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी विधेयकको अङ्ग बनेको घोषणा गर्दछु।

सभाका सदस्यज्यूहरू, अब म कार्यपालिकाका सदस्य तथा वन वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक श्री नरकुमारी लिम्बुलाई १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ६१ को उपदफा ४ बमोजिम “मैवाखोला गाउँपालिकाको स्थानीय वातावरण

संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी विधेयक, २०८०" लाई पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्ने अनुमति दिन्छु।

**(प्रस्ताव)**

**सभाका अध्यक्षज्यू,**

सभाध्यक्षज्युको अनुमतिले मैवाखोला गाउँपालिकाको वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धि बनेको विधेयक, २०८० लाई विधायन समितिबाट दफावार रुपमा पर्याप्त छलफल भई प्रतिवेदन समेत प्रस्तुत भइसकेकाले १ नं. प्रदेशको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३० को उपदफा (४) बमोजिम यस सम्मानित सभाबाट पारित गरियोस् भन्ने प्रस्ताव पेश गर्दछु। धन्यवाद !

**नरकुमारी लिम्बु**
**वनवातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक**

**सभाका सदस्यहरू अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।**

यो प्रस्तावको पक्षमा हुने सदस्यहरूले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने सदस्यहरूले **"हुन्न"** भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरूले **"हुन्छ"** भन्नुहोस्।
यसको विपक्षमा हुने सदस्यहरुले **"हुन्न"** भन्नुहोस्।

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ "मैवाखोला गाउँपालिकाको स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी विधेयक, २०८०" सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

सभाका सदस्यज्यूहरु, अब म कार्यसूचीको **पाचौँ, छैटौँ र सातौँ** नम्बरमा रहेको विधायन समितिको प्रतिवेदन सहित "मैवाखोला गाउँपालिकाको विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८०, अर्थ तथा सार्वजनिक लेखा समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८० र सुशासन तथा स्थानीय सेवा समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८०" सभामा प्रस्तुत गरी स्वीकृतिको लागि प्रस्ताव पेश गर्न विधायन समितिका सभापति श्री राजुमान लिम्बुलाई अनुमति दिन्छु।

**(विधायन समितिको प्रतिवेदन वाचन)**

सभाका अध्यक्षज्यू,

सभा अध्यक्षज्युको अनुमतिले मैवाखोला गाउँपालिकाको विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८०, अर्थ तथा सार्वजनिक लेखा समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८० र सुशासन तथा स्थानीय सेवा समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८० माथि विधायन समितिमा सदस्य ज्यूहरुबाट प्राप्त लिखित र मौखिक सुझावहरु सहित प्रत्येक दफाहरुमा पर्याप्त छलफल भएको छ। विधायन समितिले सरोकारवालाहरुसँग समेत बृहत छलफल गरी प्राप्त सुझावहरुलाई समावेश गरी कार्यविधिलाई अझै समृद्ध बनाउने प्रयत्न गरेका छौँ। प्रस्तुत कार्यविधिहरुले समितिको गठन तथा संचालन व्यवस्थित हुनुका साथै समग्र सुशासनमा सहयोग पुग्नेछ भन्ने विश्वास लिएका छौँ।

अब म सभाअध्यक्ष ज्यूको अनुमतिले १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन २०७५ को दफा २९ को उपदफा (२) कुनै पनि संशोधन प्रस्ताव विधायन समितिमा पेश नभएकाले मैवाखोला गाउँपालिकाको विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८०, अर्थ तथा सार्वजनिक लेखा समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८० र सुशासन तथा स्थानीय सेवा समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८० को प्रतिवेदन सभामा पेश गरी यस सम्मानित सभाबाट पारित गरियोस् भन्ने प्रस्ताव पेश गर्दछु।
**धन्यवाद !**

**राजुमान लिम्बु**
**विधायन समितिका सभापति**

**सभाका सदस्यहरू अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।**

यो प्रस्तावको पक्षमा हुने सदस्यहरूले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने सदस्यहरूले **"हुन्न"** भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने सदस्यहरूले **"हुन्छ"** भन्नुहोस्।
यसको विपक्षमा हुने सदस्यहरुले **"हुन्न"** भन्नुहोस्।

**"हुन्न"** भन्ने आवाज सुनिएन, तसर्थ "मैवाखोला गाउँपालिकाको विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८०, अर्थ तथा सार्वजनिक लेखा समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८० र सुशासन तथा स्थानीय सेवा समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८०" सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

सभाका सदस्यज्यूहरु, अब म कार्यसूचीको **आठौं** नम्बरमा रहेको "मैवाखोला गाउँपालिकाको आवधिक विकास योजना, राजश्व सुधार योजना, मध्यमकालीन खर्च संरचना, सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण, खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना, स्थानीय विपद् तथा जलवायू उत्थानशिल योजना, स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र कार्य सञ्चालन विधि, वडा नं. ५ र ६ को स्रोत नक्साको सीमाना नमिलेको पाइएकोले साविकको फाकुम्बा गा.वि.स.को वडा नं. १ ४ ४ सम्मको भूगोल हालको ६ नं. वडा को भूगोलमा पर्न गएकाले उक्त स्रोत नक्सा सच्याउनका लागि आवश्यक प्रक्रिया पूरा गरी सम्बन्धित निकायमा पेश गर्न,

गाउँपालिकाको आफ्नै लोगो निर्माणको लागि सूचना प्रकाशन गरी प्राप्त भएका लोगोबाट लोगो छनौट समितिले उत्कृष्ट लोगो छनौट गरी पेश गरेको प्रतिवेदन स्वीकृत गर्ने र छनौट भएको लोगो आगामि आर्थिक वर्षबाट सार्वजनिक रुपमा प्रयोगमा ल्याउन" अनुमोदनका लागि पेश गर्दछु ।

सभाका सदस्यहरु, अब म आजको कार्यसूचीको ९ औँ नम्बरमा रहेको चालु आ.व. २०७९/८० मा विभिन्न मितिमा बसेको गाउँकार्यपालिकाको बैठकले सभामा अनुमोदन हुने गरी गरेका निर्णयहरुलाई अनुमोदनको लागि यस सभामा पेश गर्दछु ।

| कार्यपालिका बैठक | निर्णय मिति | निर्णय | कैफियत |
|---|---|---|---|
| १६ औँ | २०७९/११/०८ | ● शिक्षा विज्ञान तथा मानव स्रोत विकास केन्द्रबाट श्री नारायणी मा.वि. लाई नमुना विकासका लागि छनोट भएको र सो विद्यालयको लागि जग्गा आवश्यकता परेको हुँदा जग्गा धनी श्री डम्बर कुमारी लिम्बुको नाममा रहेको कि.नं. ४५७ को क्षेत्रफल ४-१३-१-२ र कि.नं. ४६५ को क्षेत्रफल ३-३-३-२ मध्येबाट क्षेत्रफल १-६-३-३ जग्गा, श्री सुकमति लिम्बु र डम्बर कुमारी लिम्बुको संयुक्त नाममा रहेको कि.नं. ४५७ को क्षेत्रफल ४-१३-१-२ र कि.नं. ४६५ को क्षेत्रफल ३-३-३-२ मध्येबाट क्षेत्रफल १-६-३-३ को जग्गा, श्री हरि लिम्बुको नाममा रहेको कि.नं. ४५५ को क्षेत्रफल १-१२-१-१ र कि.नं. ४५३ वाट क्षेत्रफल १-७-०-३ रहेको जग्गा र श्री दिल माया लिम्बुको नाममा रहेको कि.नं. ४५६ को क्षेत्रफल ४-४-३-२ रहेको जग्गा विद्यालयको नाममा दानको रूपमा लिने सर्वसम्मतले निर्णय गरियो । <br>● प्राथमिक स्वास्थ्य केन्द्र तेम्बेमा इन्टरनेट जडानका लागि रु ६०,०००\- दिने निर्णय गरियो । <br>● प्राथमिक स्वास्थ्य केन्द्र तेम्बेमा x-rey तथा ECG मेशिन लगायतका सामग्री जडानका लागि विराटनगरबाट ल्याइएको टेक्निसियनलाई रु १०००००।- विविध शीर्षकबाट दिने सर्वसम्मतले निर्णय गरियो । | |
| १७ औँ | २०७९/१२/१६ | ● चालु आ.व.को दलित लक्षित कार्यक्रममा रहेको रु. ९९९,६००। (गा.पा.को आन्तरिक स्रोत र प्रदेश अनुदान गरी) बजेटबाट प्रत्येक वडामा रहेका दलितहरु मध्येबाट तपसिल बमोजिम दलित लक्षित कार्यक्रम गर्ने निर्णय गरियो । <br>● तपसिलः <br>● वडा नं.१ मा १ घरको छानाको लागि जस्ता पाता, १ घरको लागि चुदारो मेसिन र १० घरलाई १/१ बटा उन्नत जातको बाख्रापाठा खरिद गरी बितरण गर्ने, <br>● वडा नं. २ मा १ घरको लागि चुदारो मेसिन खरिद गरी बितरण गर्ने, <br>● वडा नं. ६ मा २ घरको लागि घरको छानालाई लाग्ने जस्ता खरिद गरी बितरण गर्ने । <br>● बाख्रा फर्म प्रबर्द्धन कार्यक्रम शिर्षकमा रहेको रु. ६ लाख रुपैयाँ बजेटबाट रु. २ लाख रुपैयाँ रकमान्तर गरी लक्षित कार्यक्रम मैवाखोला २ हात्तिखावा शिर्षकको बजेट रू ५ लाख ५० हजारमा थप गरी रू. ७ लाख ५० हजार रकम बराबरको कार्यक्रम बनाउने निर्णय गरियो । <br>● कर्मचारी पारिश्रमिक (MBBS डाक्टर) शिर्षकबाट इन्धन कार्यालय प्रयोजन शिर्षकमा रु. ६ लाख रुपैयाँ रकमान्तर गर्ने निर्णय गरियो । | |
| १९ औँ | २०८०/०१/२६ | स्थानीय भत्ता तथा स्थायी कर्मचारी खर्च शीर्षकबाट रु. १० लाख रकम विविध शीर्षकमा रकमान्तर गर्ने निर्णय गरियो । | |
| २० औँ | २०८०/०२/१२ | ● मैवाखोला गाउँपालिकाको आ.व. २०७९\०८० को कार्यक्रममा विनियोजित रकम आवधिक योजना मध्यमकालीन खर्च संरचना निर्माणका लागि रु ६००,०००(अक्षरेपी छ  लाख मात्र) र राजस्व सुधार योजना निर्माणका लागि ५००,०००(अक्षरेपी पाँच लाख मात्र) रकम खर्च गर्ने निर्णय गरियो । <br>मैवाखोला ५ जाने सडक याङ्देली खोला सम्याउने र बाटो सरसफाई गर्न रु.१,३०,०००। कोचे डाँडा हुदै याङ्देली पुल सम्म ट्राक ओपन विस्तारमा बाकि रहेको रकमलाई रकमान्तरण गर्ने निर्णय गरियो । | |

| | | | |
|---|---|---|---|
| २३ औँ | २०८०/०३/२१ | ● आर्थिक वर्ष २०७९\८०को वित्तीय समानीकरण अनुदान अन्तिम निकासामा ५० प्रतिशत कम निकासा भएकोले सञ्चालित योजनाहरूको भुक्तानी वित्तीय समानीकरण अन्तरगतका चालु र पुँजीगतमा भएको रकमबाट भुक्तानी गर्न सर्वसम्मतले निर्णय गरियो ।<br>● हाल महामारीको रूपमा आएको गाई वस्तुमा लाग्ने लम्पी स्कीन भाइरसलाई नियन्त्रण गर्नका लागि खोपको आवश्यकता परेको हुँदा मैवाखोला गाउँपालिका भरिका गाई वस्तुको डाटा सङ्कलन गर्दा लगभग ४००० भ्याक्सिन ल्याउन पर्ने देखिएकाले उक्त भ्याक्सिनका लागि न्यायिक समिति शीर्षकबाट रु १०,००,०००\- खर्च गर्ने सर्वसम्मतले निर्णय गरियो । | |

सभाका सदस्यज्यूहरु, अब म कार्यसूचीको **दशौँ** नम्बरमा रहेको "अनुपस्थित सभाका सदस्यहरुको नामावली सभामा वाचन गर्दछु ।

सभाका सदस्यज्यूहरु, अब म कार्यसूचीको **एघारौँ** नम्बरमा प्रवेशगर्दछु ।

सभाका सभासद्ज्यूहरू, आजको निर्धारित कार्यसूचीमा छलफल सकिएको जानकारी गराउँदछु । साथै सभाको १३ औं अधिवेशन पनि आजकै मितिबाट समापन गर्दैछौं । सभाको १३ औं अधिवेशन अत्यन्तै महत्वपूर्ण र ऐतिहासिक रह्यो ।

सभाका सदस्यज्यूहरू, चालु १३ औँ अधिवेशनसँगै यस सभाको पहिलो बैठक २०८० साल जेष्ठ २८ गते आइतबार प्रारम्भ भई आज २०८० साल असार २२ गते शुक्रबार सम्म जम्मा ४ दिन चालु रह्यो ।

सभाका सदस्यज्यूहरू, यस अधिवेशन अवधिभर हामीले सभामा वार्षिक नीति तथा कार्यक्रम, विनियोजन विधेयक, आर्थिक विधेयक, स्थानीय वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी बनेको विधेयक, विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८०, अर्थ तथा सार्वजनिक लेखा समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८० र सुशासन तथा स्थानीय सेवा समिति (गठन तथा सञ्चालन) कार्यविधि २०८० गरी जम्मा ३ वटा विधेयकहरु र ३ वटा कार्यविधिहरु बहुमतले पारित गरी ऐन तथा कार्यविधिको रुपमा स्वीकृत गर्न सफल भएका छौँ । १३ औँ अधिवेशन सम्म आइपुग्दा हामीले २५ वटा कार्यविधिहरु, १३ वटा ऐनहरु, १ वटा निर्देशिका, १ वटा मापदण्ड, आवधिक विकास योजना, राजश्व सुधार योजना, मध्यमकालीन खर्च संरचना, सङगठन तथा व्यवस्थापन सर्वेक्षण, खानेपानी, सरसफाइ तथा स्वच्छता(खासस्व) योजना, स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना, स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र सञ्चालन केन्द्र कार्य सञ्चालन विधि, गाउँपालिकाको लोगो स्वीकृत गर्न सफल भएका छौँ । स्वीकृत ऐन तथा कार्यविधिहरुले

गाउँपालिकाको कार्यसम्पादनमा अझ प्रभावकारी र सहज हुने अपेक्षा गरेको छु ।सभाको सबै बैठकमा सदस्यहरुले समसामयिक विषयमा सभामा धारणा राख्दै कार्यपालिकाको ध्यानाकर्षण गराउनु भएको छ ।बैठकमा कार्यपालिकाको कामको समीक्षा गरेका छौँ र आवश्यक निर्देशन दिएका छौँ । १३ औँ अधिवेशनका गतिविधिलाई प्रभावकारी बनाउन सहयोग गर्नुहुने सदस्यहरू, सचिवालय कर्मचारी, सुरक्षा निकायबाट खटिनुहुने सुरक्षा कर्मी सम्पूर्णमा हार्दिक धन्यवाद दिन्छु ।

अब म आजकै मिति बाट मैवाखोला गाउँपालिकाको गाउँ सभाको १३ औं अधिवेशन अन्त्य गरिएको पत्र बाचन गर्दछु ।

**मैवाखोला गाउँपालिका**

**गाउँ सभाको सचिवालय**

**साँघु, ताप्लेजुङ**

---

सभाका सदस्यहरू,

प्रदेश नं. १ को गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३ को उपदफा (२) बमोजिम मैवाखोला गाउँसभाको १३ औँ अधिवेशन आजकै मिति २०८० साल असार २२ गते रातको १२ बजेबाट समाप्त भएको जानकारी गराउँदछु ।

**धन्यवाद !**

**सभाका अध्यक्ष**